# पाठ १

# बाइबलको अध्ययनबाट हुने फायदा

धेरै वर्ष पहिले एउटा पानीजहाजको कप्तानले आफ्नो जहाजलाई एक सुन्दर दक्षिणी शान्त टापूमा अड्याए। उनले सुनेका थिए कि त्यस ठाउँका मानिसहरू पहिले मान्छे खाने थिए र हालमा चाँहि मित्रताको भावना राखि व्यापारको काममा इच्छुक थिए।

कप्तानले टापूको मुख्य व्यक्तिसँग कुराकानी गरिरहँदा उनले त्यस मुख्य व्यक्तिको हातमा एउटा ठूलो बाइबल देखे। तब कप्तान केही बेर हाँसेर ती मुख्य व्यक्तिलाई भने, "अवश्यनै तपाईंले त्यो पुरानो पुस्तकमा विश्वास गर्नुहुन्न होला। यसको म्याद सकी सकियो र यो कसैको लागि पनि कामलाग्दैन्।"

त्यसपछि ती मुख्य व्यक्तिले आफ्नो वरिपरि उभिएका बलिया लडाकुहरूतिर हेरी कप्तानपट्टी फर्के। "कप्तान ज्यू" भनी उनले विस्तारै जवाफ दिए, "यो पुस्तकको फायदा ज्यादै थोरै छ भनी तपाईंले विचार गर्नुभएको होला। यसले तपाईंलाईनै फायदा दिईरहेको छ भन्ने कुरा तपाईंले बुझ्नु भएकैछैन्। यदि यो पुस्तकले हाम्रो जीवनलाई परिवर्तन नगरेको भए, तपाईं यो समय ता हाम्रो पकाउने भाँडोभित्र



भइसक्नुहुन्थ्यो!''

बाइबलको अध्ययनबाट एक व्यक्तिको जीवनमा परेको असरले अन्य व्यक्तिहरूको जीवनमा पनि असर पारेको हुन्छ। कसैले बाइबल पढिदिएको हुनाले यस कथाको कप्तान लाभन्वित भएका थिए। यस पाठमा बाइबलको अध्ययनबाट तपाईंले कसरी लाभ उठाउन सक्नुहुन्छ सो सिक्नुहुनेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ.....**

- बाइबल किन अध्ययन गरिनुपर्छ?
- यसबाट हुने फायदाहरू के के हुन?

**यस पाठले तपाईंलाई यसरी सहयोग पुऱ्याउने छ..**

- प्रत्येक व्यक्तिले किन बाइबल अध्ययन गर्नुपर्छ सो वर्णन गर्नसक्ने हुनु।
- बाइबल अध्ययनका आठ फायदाहरूका सूची बनाउनु।
- नियमित रूपमा परमेश्वरको वचन अध्ययनको महत्वपूर्णतालाई महसूस गर्नु।

## बाइबल किन अध्ययन गरिनुपर्छ?

प्रत्येक व्यक्तिले किन बाइबल पढ्नैपर्छ भन्ने प्रश्नका धेरै कारणहरू छन्। अब हामी यिनीहरूमध्ये तीनवटालाई हेर्नेछौंः १) यो हाम्रो निम्ति शुभअवसर (मौका) हो, २) यो आत्मिकी रूपमा बृद्धिहुने बाटो हो, र ३) यो हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई सिक्ने एक तरीका वा प्रणाली हो।

### शुभ अवसर (मौका)

उद्देश्य १. *बाइबलको अध्ययनगर्नु शुभ-अवसर हो भन्ने कारणहरूलाई परिचित गर्नुहोस्।*

एकदिन डन र बोन भन्ने मेरा साथीहरूले एक विशेष किसिमको पत्र पाएका थिए। त्यसमा बेलायतकी राजकुमारी एनलाई भेट्ने निमन्त्रणा लेखिएको थियो। महत्वपूर्ण व्यक्तिबाट यस्तो पत्र पाउनु शुभ-अवसरको कुरा हो, र उनीहरूलाई राजकीय व्यक्तिलाई भेट्नपाउने ठूलो सौभाग्य त्यस पत्रमा उल्लेख गरिएको थियो।

तपाईं र मैले पनि एक महत्वपूर्ण पत्र पाएका छौं, यस संसारीक राजाभन्दा पनि धेरै महान परमेश्वर आफैबाट हामीलाई व्यक्तिगत सन्देश मिलेको छ! यस पत्र प्राप्त गरेर यसलाई पढ्नुभन्दा पनि अझै महत्वपूर्ण कुराचाँहि यसले हामीलाई दिने निमन्त्रणा हो। हामीले बाइबल भन्ने यस पत्रमा परमेश्वर आफैले हामीलाई उहाँका सन्तान हुनको निम्ति र उहाँसँग सधैं जिउनको निम्ति हामीलाई निमन्त्रणा गर्नुभएको छ! हामीले उहाँको पुत्र येशू ख्रीष्टलाई हाम्रा व्यक्तिगत

मुक्तिदाताको रूपमा ग्रहण गऱ्यौं भने हामी उहाँका सन्तान हुन्छौं भनी उहाँले बताउनु भएको छ। बाइबलको अध्ययनद्वारा परमेश्वर र उहाँका प्रतिज्ञाहरूको बारेमा सिक्नसक्नु हाम्रो लागि यो अद्भूत सौभाग्य होइन र?

## तपाईंको अभ्यासको निम्ति

तपाईंको अभ्यासको निम्ति भनिएका खण्डहरूमा भएका प्रश्नहरू वा अभ्यासहरूले तपाईंले भरखरै अध्ययन गर्नुभएका कुराहरूलाई दोहोऱ्याउन वा व्यवहारमा प्रयोग गर्न सहायता पुऱ्याउनेछन्। अभ्यासहरू गर्न अगाडिनै दिईएका निर्देशनहरूलाई होशियारसाथ पढ्नुहोस्। लामो उत्तरहरूलाई अभ्यास-पुस्तिकामा लेख्नुहोस् र पाठ सम्बन्धी केही लेख्नुपरेको खण्डमा त्यही अभ्यास-पुस्तिकालाई नै प्रयोग गर्नुहोस्।

१. सबैभन्दा ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। सबैभन्दा ठूलो सौभाग्य एक व्यक्तिले कसबाट व्यक्तिगत सन्देश प्राप्त गर्नु हो?

**क**. देशको राष्ट्रपतिबाट।

**ख**. उसको आफ्नो असल मित्रबाट।

**ग**. परमेश्वरबाट।

२. तल दिइएका बयानहरूमध्ये कुन चाँहिले बाइबल अध्ययन किन सौभाग्यपूर्ण छ भनी हामीलाई बताउँछन्? ठीक उत्तरको अगाडिको अक्षरमा घेरा

लगाउनुहोस्।

**क.** यो परमेश्वरबाट उहाँका हरेक सन्तानको निम्ति उहाँको व्यक्तिगत पत्र हो।
**ख.** परमेश्वरले तपाईंलाई तपाईंको आफ्नै बारेमा र उहाँको बारेमा बताउन चाहनुहुन्छ।
**ग.** तपाईंको अध्ययन सहायक लेखकले यस्तै भन्नुभएको छ।

तपाईंका उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुहोस्।

## बृद्धिहुने उपाय

उद्देश्य २. *बाइबलले विश्वासीको बृद्धिमा कसरी सहयोग पुऱ्याउन सक्छ भनी देखाउने बयानहरूलाई छान्नुहोस्।*

स्वस्थ र सामान्य हुनको लागि केटाकेटीहरूको बृद्धि हुन आवश्यक छ र त्यस बृद्धिको निम्ति ठीक किसिमको खाना खानु पनि आवश्यक छ।

परमेश्वरका सन्तानका रूपमा हामी आत्मिकी रूपमा बृद्धि हुनैपर्छ भनी बाइबलले बताउँछ। एफिसी ४:१५ मा हामी यसरी पढ्छौं "हामी सबै कुरामा उहाँसम्मै, अर्थात ख्रीष्टसम्मै बढ्दै जाऔं, जो शिर हुनुहुन्छ।" हाम्रो आत्मिकी खाना बाइबल हो र यसलाई "खाने" तरीका चाँहि यसको अध्ययन गर्नु हो। हामीले यसलाई अध्ययन गर्दैजाँदा हामीले हाम्रा मुक्तिदाता येशू ख्रीष्टलाई अझै राम्रो सँग चिन्न सक्नेछौं। यो ज्ञानलेनै हामीलाई बढ्न र बलियो ख्रीष्टियान हुनलाई सहायता पुऱ्याउँछ। "परमेश्वरको

पुत्रको बारेमा भएको हाम्रो ज्ञानले; हामी परिपक्व मानिसहरू बन्नेछौं.....तब हामी बालकहरूजस्ता हुनेछैनौं।'' (एफिसी ४:१३-१४)

## तपाईंको अभ्यासको निम्ति

**३.** यो वाक्यलाई पूरा गर्ने दुई उत्तरहरूलाई छान्नुहोस्। बाइबल अध्ययनले एक विश्वासीलाई बढ्नमा सहायता पुऱ्याउँछ।

**क.** उसले आत्मिकी भोजन प्राप्त गर्छ।
**ख.** उसले येशू ख्रीष्टको बारेमा अझै धेरै सिक्छ।
**ग.** उसको ज्ञानले उसलाई मण्डलीमा महत्वपूर्ण बनाउँछ।

प्रभु येशू ख्रीष्टलाई प्रतिज्ञाको रूपमा दोहोऱ्याउन सक्नको लागि तपाईंले तलका पदहरूलाई कण्ठ गर्नुहोस्।

हे परमप्रभु तपाईं धन्यको हुनुहुन्छ, मलाई तपाईंका नियमहरू सिकाउनुहोस्; तपाईंका आदेशहरूमा म ध्यान दिनेछु, र तपाईंका मार्गहरूलाई म आदर गर्नेछु; तपाईंका नियमहरूमा म स्वयम रमाउनेछु; तपाईंका वचन (आज्ञा) म बिर्सनेछैन् (भजन ११९:१२, १५-१६)।

## हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई सिक्ने तरीका

उद्देश्य ३. *हाम्रो निम्ति भएको परमेश्वरको योजनालाई सिक्ने महत्वपूर्णतालाई व्याख्यागर्ने।*

केही वर्ष अगाडिको कुरो हो मेरो साथीलाई सञ्चो थिएन। तिनी केवल शारीरिक रूपमा मात्र विरामी थिइनन् तर तिनलाई ज्यादै निराशा पनि लागेको थियो। तब तिनले आफ्नो पतिहुनेवाला एक जवान मानिसबाट पत्र पाइन्। उनले तिनलाई साहस दिंदै आफूले तिनलाई माया गरेको र तिनीसँग विवाहगर्ने निश्चयता दिए। आफूलाई सरोकार गर्ने व्यक्तिबाट यस्तो पत्र पाएपछि तिनी छिट्टै निकोहुँदै गईन्।

बाइबल पनि यस्तै किसिमको पत्र हो किनभने यसले हाम्रो निम्ति भएको परमेश्वरको प्रेमको बारेमा हामीलाई बताउँछ। हामी कसरी जिउनुपर्छ भनी यस पुस्तकमा उहाँले हामीलाई निर्देशन दिनुको साथै एकदिन हामी सबै अनन्तको निम्ति उहाँसँग जिउने छौं भनी प्रतिज्ञा पनि गर्नु भएको छ।

यदि हामी निराश छौं वा हामीलाई सञ्चो छैन भने परमेश्वरको व्यक्तिगत सन्देशमा जानु र हाम्रो निम्ति भएको उहाँको योजनालाई पढ्नु आशीषित कुरानै हो। यस अध्ययनले हामीलाई सञ्चो हुन, साहस पाउन, सहायता पुर्‍याउँछ र हामीहरू सबै परमेश्वरको निम्ति महत्वपूर्ण छौं भन्ने कुरा हामीलाई सिकाउँछ।

बाइबलको अध्ययनबाट हामीले केवल हाम्रो भविष्यको निम्ति भएको परमेश्वरको योजनालाई मात्र

नसिकेर वर्तमान समयको निम्ति भएका उहाँका प्रतिज्ञाहरूलाई पनि सिक्ने छौं। हामीले यी प्रतिज्ञाहरूमध्ये कुनैलाई अर्को खण्डमा अध्ययन गर्नेछौं।

### तपाईंको अभ्यासको निम्ति

**४.** ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्। हाम्रो निम्ति भएको परमेश्वरको योजना सिक्न महत्वपूर्ण छ, किनभने

- **क.** यसले हाम्रो निम्ति भएका परमेश्वरका प्रतिज्ञाहरूलाई राखेको हुन्छ।
- **ख.** यसले हामीलाई आशा र साहस दिन्छ।
- **ग.** यसले हामी कस्ता अयोग्य छौं भनी देखाउँछ।
- **घ.** यसले हाम्रो निम्ति भएको परमेश्वरको प्रेम प्रकट गर्छ।
- **ङ.** यसले हाम्रो जीवनमा निर्देशन दिन्छ।

**५.** तपाईंले भजनसंग्रह ११६ बाट सिक्नुभएका पदहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस्। तिनीहरूलाई आफ्नो प्रार्थना बनाउनुहोस् र उहाँको वचनको निम्ति परमप्रभुलाई धन्यवाद दिनुहोस्।

## यसबाट हुने फायदाहरू के के हुन त?

उद्देश्य ४. *निष्कपट (साँचो) बाइबल अध्ययनका आठवटा फायदाहरूको सूची बनाउनुहोस्।*

कुनै पनि फायदा तपाईंको लागि सहयोगपूर्ण हुनसक्छ। बाइबल अध्ययनबाट हुने आठ फायदाहरूलाई हामी यहाँ उल्लेख गर्नेछौं।

**१.आत्माको निम्ति भोजन**

बाइबल त्यो खाना हो जसले हाम्रो आत्मालाई जीवित राख्छ। हामीले यसलाई दिनहुँ पढ्दा हाम्रो आत्मा र शरीरको लागि स्वास्थ्य र बल पाउँछौं। येशूले भन्नुभयो, "मानिस भोजनले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको वचनले बाँच्तछ।" मत्ती ४:४

**२.आनन्द**

बाइबल पढाईबाट हामीले साँचो आनन्द पाउन सक्छौं। हामीलाई मायागर्ने मानिसहरूको बारेमा असल समाचार पढ्दा हामीलाई आनन्द लागे जस्तै हाम्रो निम्ति भएको परमेश्वरको प्रेमको असल खबर पढ्दा हामीलाई आनन्दको अनुभव हुन्छ। उहाँका निर्देशन (आज्ञा) हरूले पनि हामीलाई आनन्द ल्याउँछन् किनभने तिनीहरू हाम्रै फायदाकालागि हुन भनी हामीलाई थाह छ। भजन ११६: १११ ले बताउँछ, "तपाईंका आज्ञाहरू मैले सधैंभरि आफ्नो हक मानिलिएको छु, किनकि तिनीहरूनै मेरो हृदयका आनन्दका कारण हुन।"

**३.परमेश्वरको नजीक**

परमेश्वरको वचन पढ्दा हामी उहाँको नजीकमा भएको अनुभव गर्छौं। उहाँ त्यहाँ भएर हामीसँग व्यक्तिगत रूपमा बोल्नु हुन्छ। हामीले कल्पना गर्ने फायदाहरूमध्ये यो एक सबैभन्दा ठूलो फायदा हो।

**४.साहस (उत्साह)**

परमेश्वरको वचनले हामीलाई पूर्ण उत्साह दिन्छ। उहाँले हामीलाई उहाँको प्रेमी सरोकारको उदाहरणहरू देखाउनुहुन्छ र हाम्रो वास्ता गर्छु भनी प्रतिज्ञा पनि गर्नु भएको छ। पत्रुसको पुस्तकमा भएको यस पदलाई कण्ठ गर्नु धेरैनै राम्रो हुन्छ। "तिमीहरूका सारा फिक्री उहाँमाथि राखिदेओ, किनकि उहाँले तिमीहरूको फिक्री गर्नुहुन्छ।" (१ पत्रुस ५:७)

**५. आधार (जग)**

जगमाथि केही कुराहरू बनाइने काम हुन्छ। येशूले भन्नुभयो कि उहाँको वचन हामीले के मा विश्वास गर्छौं र कसरी जिउँछौं भन्ने कुराको सुरक्षित जग हो। विश्वास नगर्ने र बाइबल अध्ययन नगर्ने व्यक्तिहरू जग बिनाको घर जस्ता हुन।

**६. प्रेरणा**

आफ्नो वचनद्वारा परमेश्वरले उहाँको उद्धारको कामको निम्ति विश्वास, हाम्रो भविष्यको निम्ति आशा, र अरूहरूको निम्ति प्रेमको प्रेरणा दिनुहुन्छ। प्रेरणा हामीलाई असल विचार वा कामतिर लैजाने प्रभाव हो। धेरै लेखकहरू, गायकहरू, र कलाकारहरूले (चित्रकार) बाइबलबाट आफ्नो

प्रेरणा पाएका छन्। बाइबलले कविता, गीत र चित्रहरू बनाउनको लागि तिनीहरूको मनमा सुन्दर विचारहरू ल्याइदिएको हुन्छ।

**७. सत्यता**

बाइबलमा हामीले पाउने सत्यताले हाम्रा महत्वपूर्ण प्रश्नहरूको जवाफ दिई हाम्रो जीवनको अर्थ र उद्देश्यको बारेमा पनि बताउँछन्। यसले हामीलाई अज्ञान र भूलबाट जोगाउँछ। "तिमीहरूले सत्य के हो, सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।" (यूहन्ना ८:३२)

**८. सुरक्षा**

सुरक्षा भनेको अर्थ रक्षा मात्र नभएर भविष्यको निम्ति जुटावट पनि हो। परमेश्वरको वचनले हामीलाई ख्रीष्ट र अनन्त घर स्वर्गतर्फ सुरक्षा साथ डोऱ्याउने हुनाले हामी उहाँको वचनमा साँचो सुरक्षा पाउँछौं। यदि हामीले वचनलाई नियमित रूपमा अध्ययन गऱ्यौं भने यो पाप र शैतानको विरूद्धमा हाम्रो आत्मिकी हतियार तरवार र ढाल हो।

## तपाईंको अभ्यासको निम्ति

**६.** हामीले अध्ययन गरेका निष्कपट बाइबल अध्ययनका आठवटा फायदाहरूलाई आफ्नो सम्भनाबाटनै अभ्यास-पुस्तिकामा उल्लेख गर्नुहोस्। तपाईंले आफ्नो बाइबल पढ्नुहुँदा केही नयाँ कुराहरू पत्ता लगाउनु भएको छ भने त्यसलाई पनि थप्नुहोस्।

**७.** दायाँपट्टि दिईएको फायदालाई बायाँपट्टि दिईएको वर्णनको अगाडिको अक्षरसँग जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ___**क**. हामीलाई बल दिने खाना | १. सुरक्षा |
| ___**ख**. परमेश्वर सधैं हामीसँग हुनुहुन्छ। | २. सत्यता |
| ___**ग**. परमेश्वरले हाम्रो वास्ता गर्नुहुन्छ। | ३. प्रेरणा |
| ___**घ**. बाइबलको असल समाचारले आनन्द ल्याउँछ। | ४. जग |
| ___**ङ**. हाम्रो जीवन परमेश्वरको वचनमा बनाइएको छ। | ५. साहस |
| ___**च**. हामी अहिले र भविष्यमा सुरक्षित छौं। | ६. परमेश्वरको नजीक |
| ___**छ**. हामीले असल विचारहरू पाएर त्यस अनुसार काम गर्छौं। | ७. आनन्द |
| ___**ज**. यसले हामीलाई भूल र अज्ञानताबाट छुटकारा दिन्छ। | ८. आत्माको निम्ति भोजन |

• • •

## तपाईंका उत्तरहरू जाँच्नुहोस्

तपाईंको अध्ययन अभ्यासका उत्तरहरूलाई तपाईंले एउटा उत्तर हेर्दा अर्को देख्न नसक्नुहोस् भनी तल माथि पारी लेखिएको छ। आफूलाई चाहिने उत्तर हेर्नुहोस् र अर्को उत्तरलाई हेर्ने कोशिश चाँहि नगर्नुहोस्।

**१. ग**) परमेश्वर

**५.** तपाईंले यो पद कण्ठ गर्नुभएको होला भन्ने मलाई आशा छ र त्यो धेरै समयको लागि तपाईंको प्रार्थना बनोस्।

**२. क**) यो परमेश्वरबाट उहाँका हरेक सन्तानको निम्ति उहाँको व्यक्तिगत पत्र हो।

**६.** आत्माको निम्ति भोजन
आनन्द
परमेश्वरको नजीक
साहस (उत्साह)
आधार (जग)
प्रेरणा
सत्यता
सुरक्षा

३. क) उसले आत्मिकी भोजन प्राप्त गर्छ।
   ख) उसले येशू ख्रीष्टको बारेमा अझै धेरै सिक्छ।

७. क. ८) प्राणको निम्ति भोजन
   ख. ६) परमेश्वरको नजीक
   ग. ५) साहस (उत्साह)
   घ. ७) आनन्द
   ङ. ४) आधार (जग)
   च. १) सुरक्षा
   छ. ३) प्रेरणा
   ज. २) सत्यता

४. क) यसले हाम्रो निम्ति भएका परमेश्वरका प्रतिज्ञाहरूलाई राखेको हुन्छ।
   ख) यसले हामीलाई आशा र साहस दिन्छ।
   घ) यसले हाम्रो निम्ति भएको परमेश्वरको प्रेम प्रकट गर्छ।
   ङ) यसले हाम्रो जीवनमा निर्देशन दिन्छ।